# मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९

__प्रस्तावना:__ अन्तर सरकार समन्वय सुदृढ हुने गरी प्रदेश सरकारले दुई वा दुई भन्दा बढी स्थानीय तहहरुसँगको सहकार्यमा विपद प्रतिकार्य सम्वन्धी अत्यावश्यक सेवालाई प्रभावकारी र समन्वयात्मक रुपमा सञ्चालन गर्ने तथा उद्धार र राहत कार्यलाई सरल, सहज र एकिकृत रुपमा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रदेश विपद व्यवस्थापन ऐन, २०७५ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## __प्रारम्भिक__

१. __संक्षिप्त नाम र प्रारम्भ:__ (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. __परिभाषा:__ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**अत्यावश्यक सेवा**" भन्नाले विपदका कारण उत्पन्न परिस्थितिको तत्काल गरीने प्रतिकार्य सम्बन्धी आवश्यक सेवालाई सम्झनु पर्छ।

(ख) "**कार्यविधि**" भन्नाले मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ लाई सम्झनु पर्छ।

(ग) "**प्रदेश**" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(घ) "**प्रदेश सरकार**" भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(ङ) "**प्रहरी कार्यालय**" भन्नाले सेवा सञ्चालनका लागि तोकिएको प्रहरी कार्यालयका ईकाइलाई सम्झनु पर्छ।

(च) "**मन्त्रालय**" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "**तोकेको स्थान**" भन्नाले सम्बन्धित स्थानीय तहहरुले सहमती गरी मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना गर्न तोकेको स्थानलाई सम्झनु पर्छ।

(ज) "**सम्बन्धित स्थानीय तहहरु**" भन्नाले मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र सञ्चालन गरीएका स्थानीय तहरुलाई सम्झनु पर्छ।

(झ) "**स्थानीय तह**" भन्नाले कोशी प्रदेश भित्रका महानगरपालिका, उप महानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

(ञ) "**सेवा केन्द्र**" भन्नाले मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रलाई सम्झनु पर्छ।



प्रदेश सचिव

## परिच्छेद-२

### मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था

३. मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना तथा सञ्चालन: (१) प्रदेश सरकारले दुई वा दुई भन्दा बढी स्थानीय तहहरुसँगको समन्वय, सहकार्य र सहमतीमा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नेछ। उक्त सेवा केन्द्र चौबिसै घण्टा सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा केन्द्र स्थापना र सञ्चालनका लागि दुई वा दुई भन्दा बढी स्थानीय तहहरुले आपसमा सहमती गरी सेवा केन्द्रको संरचना निर्माण र सञ्चालनका लागि लागत साझेदारी र आवश्यक जग्गा समेत उपलब्ध गराउने प्रतिवद्धता सहित तोकेको स्थानमा सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न अनुरोध गरेमा मन्त्रालयले सो कार्यका लागि आवश्यक प्राविधिक वा वित्तीय वा दुवै सहयोग र सहजीकरण गर्नेछ।

(३) उपदाफा (२) बमोजिम प्राप्त अनुरोधका आधारमा मन्त्रालयले स्थानीय तहहरुको जनसङ्ख्या, स्रोत साधन, जोखिमको अवस्था एवम् स्थानीय तहहरुबीच सेवा केन्द्र स्थापना सम्बन्धी सहमती र प्रतिवद्धता समेतलाई मध्यनजर गरी आवश्यकताका आधारमा सेवा केन्द्र स्थापना गर्ने निर्णय गर्नेछ।

(४) उपदफा (३) बमोजिमको निर्णय अनुसार मन्त्रालय र सम्बन्धित स्थानीय तहहरुबीच सेवा केन्द्र स्थापना र सञ्चालन सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर गरीनेछ।

(५) यस दफा बमोजिम स्थापना गरीने सेवा केन्द्रको संरचना निर्माणको लागि सो संरचनाको डिजाईन तथा लागत प्रतिवेदनको आधारमा मन्त्रालय र स्थानीय तहहरुले लागत साझेदारी सम्झौता गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम गरीने लागत साझेदारीमा जग्गा बाहेक मन्त्रालयले कुल लागत रकमको बढीमा ५० प्रतिशत सम्म योगदान गर्नेछ र बाँकी रकम सम्बन्धित स्थानीय तहहरुले योगदान गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम मन्त्रालयको तर्फबाट गरीने लागत साझेदारीको रकम सम्बन्धित स्थानीय तहहरुलाई शसर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण मार्फत् प्रदान गरीनेछ। यसरी प्राप्त रकम सेवा केन्द्र स्थापना तथा सञ्चालन कोषमा जम्मा गरी परिचलान गरीनेछ।

(८) यस दफा बमोजिम स्थापना गरीने सेवा केन्द्रमा न्यूनतम रुपमा देहाय बमोजिमका पूर्वाधारहरु निर्माण गरीनेछ :-

(क) चारवटा सम्म दमकल र चारवटा सम्म साना सवारी साधन राख्न सकिने सेड र सो सेडसँगै साधनहरुको सामान्य मर्मत् गर्न आवश्यक उपकरण सहितको एक कार्यशाला,

(ख) एउटा प्रशासनिक भवन,

(ग) दमकलमा पानी भर्न बीस हजार लिटर क्षमताको एक रिजर्भवोएर,



प्रदेश सचिव

(घ) आवश्यकता अनुसार प्रहरीहरुको लागि भान्छाकोठा, हतियार राख्ने स्थान र शौचालय र

(ङ) विपद व्यवस्थापनका सामग्री तथा उपकरणहरु भण्डरण गर्ने एउटा गोदाम घर।

४. <u>सेवा केन्द्र सञ्चालन सामग्री सम्बन्धी व्यवस्था:</u> (१) दफा ३ बमोजिम सेवाकेन्द्रको संरचना निर्माण भईसके पश्चात सो सेवाकेन्द्र सञ्चालनका लागि मन्त्रालयले आवश्यकता तथा स्थानीय तहहरुको माग बमोजिम एम्बुलेन्स, शव वाहन, बारुणयन्त्र, प्रहरी भ्यान, स्ट्रेचर, टयूब, त्रिपाल, म्याट लगायतका अत्यावश्यक सामग्री तथा उपकरणहरु प्राथमिकताको आधारमा उपलब्ध गराउन सक्नेछ।

(२) सेवा केन्द्र सञ्चालनका लागि आवश्यक सामग्री तथा उपकरणहरु सम्बन्धित स्थानीयतहहरु आफैले पनि खरिद गर्न वा प्रचलित कानून बमोजिम अन्य श्रोतबाट समेत प्राप्त गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त एम्बुलेन्स, बारुणयन्त्र, प्रहरी भ्यान आदि सेवा केन्द्रमा रहनेछन्। सम्बन्धित स्थानीय तहहरुले आफूसँग भएको बारुणयन्त्र, शव बाहन, एम्बुलेन्स आदि समेत सेवा केन्द्रमा नै स्थानान्तरण गर्नुपर्नेछ।

(४) सेवा केन्द्रमा रहेका साधन, सामग्री तथा उपकरणहरुको प्रयोग अत्यावश्यक बाहेकका अन्य कार्यहरुमा प्रयोग गर्न पाईने छैन।

५. <u>निर्देशक तथा अनुगमन समिति सम्बन्धी व्यवस्था:</u> (१) सेवा केन्द्रको सञ्चालन एवम् व्यवस्थापन सम्बन्धमा निर्देशन तथा अनुगमन गर्न देहाय बमोजिमको निर्देशन तथा अनुगमन समिति रहनेछ:-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय - संयोजक
(ख) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य
(ग) प्रदेश सचिव, स्वास्थ्य मन्त्रालय - सदस्य
(घ) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य
(ङ) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा अन्य सरकारी निकायका प्रतिनिधि र विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ।

(४) उपदपफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

प्रदेश सचिव

६. <u>निर्देशक तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार:</u> निर्देशक तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) सेवा केन्द्र सञ्चालनका लागि आवश्यक कार्ययोजना स्वीकृत गर्ने,

(ख) सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनको अनुगमन, मूल्याङ्कन तथा सेवा प्रवाहको प्रभावकारिता र गुणस्तरीयता कायम गर्न आवश्यक सुझाव, सल्लाह र निर्देशन दिने,

(ग) सेवा केन्द्र सञ्चालनको अवधारणा, प्रकृया, गुणस्तरीयता, नीति निर्देशन अनुसार सम्बन्धित स्थानीय तहहरु र प्रहरी कार्यालयबीच समन्वय गराउने,

(घ) सेवा केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न अन्य आवश्यक कार्यहरु गर्ने।

७. <u>सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति:</u> (१) दफा ३ बमोजिमको सेवा केन्द्र सञ्चालन, व्यवस्थापन, समन्वय र सहजिकरणको लागि देहाय बमोजिमको एक सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ:-

(क) सेवा केन्द्र रहेको स्थानीय तहको प्रमुख - अध्यक्ष

(ख) सम्बन्धित प्रत्येक स्थानीय तहका प्रमुख वा उपप्रमुखहरु - सदस्य

(ग) सेवा केन्द्र रहेको वडाको वडाध्यक्ष - सदस्य

(घ) सेवा केन्द्र रहेको प्रहरी कार्यालयको प्रमुख - सदस्य

(ङ) स्थानीय उद्योग वाणीज्य सङ्घको प्रतिनिधि - सदस्य

(च) स्थानीय रेडक्रस सोसाईटिको प्रतिनिधि - सदस्य

(छ) सेवा केन्द्र रहेको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिले बैठकमा आवश्यकता अनुसार अन्य सरकारी निकाय तथा सङ्घसस्थाका प्रतिनिधिहरु समेतलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. <u>सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:</u> (१) सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य श्रोतबाट प्राप्त हुने साधन, सामग्री तथा उपकरणहरु बुझि लिई आम्दानी बाँधी सोको जानकारी निर्देशन तथा अनुगमन समिति र मन्त्रालयलाई दिने,

प्रदेश सचिव

(ख) सेवा केन्द्रका लागि प्राप्त भएको एक्बुलेन्स, बारुणयन्त्र तथा प्रहरी भ्यान लगायतका साधन, उपकरण तथा सामग्रीहरु सेवा केन्द्रमा रहने व्यवस्था मिलाउने,

(ग) खण्ड (ख) बमोजिम सेवा केन्द्रमा रहेका एक्बुलेन्स, बारुणयन्त्र, तथा प्रहरी भ्यान लगायतका साधन, उपकरण तथा सामग्रीहरु अत्यावश्यक सेवाका लागि सञ्चालन गर्न प्रहरी कार्यालयलाई आवश्यक निर्देशन दिने,

(घ) सेवा केन्द्रमा प्राप्त एम्बुलेन्स, बारुणयन्त्र तथा प्रहरी भ्यान लगायतका साधन, उपकरणहरु चौबिसै घण्टा सञ्चालन हुन सक्नेगरी व्यवस्था मिलाउने,

(ङ) सेवा केन्द्र सञ्चालनका लागि प्रहरी कार्यालय तथा अन्य सुरक्षा निकायहरु र सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने,

(च) अत्यावश्यक कार्यमा सेवा केन्द्रसँग सहकार्य गर्ने गरी समुदाय परिचालनको योजना बनाई कार्यान्वयन गर्ने,

(छ) सेवा केन्द्रका साधन, उपकरण तथा सामग्रीहरु सम्बन्धित स्थानीय तहहरु बाहेक प्रदेश सरकार, मन्त्रालय तथा अन्य स्थानीय तहहरुबाट अत्यावश्यक कार्यका लागि सहयोग माग भई आएमा आवश्यक समन्वय गरी सहायता परिचालन गर्ने।

(ज) सेवा केन्द्र सञ्चालनको त्रैमासिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

(झ) दफा ५ बमोजिमको निर्देशक तथा अनुगमन समितिले दिएको सुझाव पालना गर्ने, गराउने,

(ञ) मन्त्रालयले सेवा केन्द्र स्थापना तथा सञ्चालनका लागि गरेको सुझाव तथा निर्देशनहरुको पालना गर्ने, गराउने।

(२) अत्यावश्यक सेवाका साधन, सामग्री तथा उपकरणहरु तत्काल परिचालन गर्नु पर्ने अवस्था सिर्जना भई समितिको बैठक बोलाउन समय अभाव भएको अवस्थामा समितिको अध्यक्षले तत्काल निर्णय गरी परिचालन गर्न सक्नेछ।

तर त्यसरी गरेको निर्णय सम्बन्धमा दफा ७ उपदफा (१) बमोजिमको समितिको लगत्तै बसेको बैठकमा जानकारी गराउनु पर्नेछ।

९. <u>प्रहरी कार्यालयको काम, कर्तव्य र अधिकार:</u> (१) सेवा केन्द्र सञ्चालनका लागि उपलब्ध साधन, उपकरण तथा सामग्रीहरुको रेखदेख तथा सञ्चालनको जिम्मेवारी प्रहरी कार्यालयको हुनेछ। यसका अतिरिक्त प्रहरी कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

प्रदेश सचिव

(क) दफा ७ बमोजिमको समितिको निर्देशनमा रही सेवा केन्द्रमा रहेको साधन, उपकरण तथा सामग्रीहरुको रेखदेख, सुरक्षा, संरक्षण र परिचालनको व्यवस्था मिलाउने,

(ख) दफा ७ बमोजिमको समितिले सेवा केन्द्रमा रहेको साधन, उपकरण तथा सामग्रीहरुको परिचालन सम्बन्धमा दिएको निर्देशनको तत्काल पालना गर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिमको निर्देशन बाहेक सेवा केन्द्रमा रहेको साधन, उपकरण तथा सामग्रीहरुको परिचलन नगर्ने,

तर सेवा केन्द्रमा रहेको साधन, उपकरण तथा सामग्रीहरुको तत्काल परिचालन नगर्दा मानवीय तथा भौतिक क्षति हुने सम्भावना भई निर्देशन प्राप्त गर्न समय लाग्ने भएमा सम्बन्धित प्रहरी कार्यालय प्रमुखले परिचालन गर्ने निर्णय गर्न सक्नेछ र सो को जानकारी समितिको अध्यक्ष वा सदस्य सचिवलाईलाई द्रुत माध्यमबाट सकेसम्म छिटो दिनुपर्नेछ।

(घ) अत्यावश्यक सेवा सञ्चालनका लागि अन्य सुरक्षा निकाय तथा सरोकारवालाहरुसँग सञ्चार, समन्वय तथा सहकार्य गर्ने,

(ङ) दफा ५ बमोजिमको निर्देशक तथा अनुगमन समितिले दिएको निर्देशन पालना गर्ने गराउने,

(च) मन्त्रालयले सेवा केन्द्र सञ्चालन सम्बन्धमा दिएको निर्देशन पालना गर्ने, गराउने।

(२) सेवा केन्द्र सञ्चालनका लागि उपलब्ध साधन, उपकरण तथा सामग्रीहरुको दुरुपयोग भएमा सो को जवाफदेही सम्बन्धीत प्रहरी कार्यालय हुनेछ।

## परिच्छेद-३
## विविध

१०. <u>सेवा केन्द्र सञ्चालन कोष:</u> (१) सेवा केन्द्र सञ्चालनका लागी मन्त्रालय, सम्बन्धित स्थानीय तह तथा प्रचलित कानून बमोजिम अन्य श्रोतबाट प्राप्त रकम समेत रहने गरी सेवा केन्द्र सञ्चालन कोष स्थापना गरीनेछ।

(२) कोषको सञ्चालन सेवा केन्द्र रहेको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

(३) सेवा केन्द्र सञ्चालन कोषको दुरुपयोग भएमा सो को जवाफदेही दफा ७ बमोजिमको समिति र कोषको खाता संचालकहरु हुनेछ ।

प्रदेश सचिव

११. <u>लेखा तथा लेखापरीक्षण:</u> (१) दफा १० बमोजिम सेवा केन्द्र सञ्चालन कोषमा प्राप्त हुने रकम खर्चको लेखा अभिलेख खर्च गर्ने सेवा केन्द्र रहेको स्थानीय तहले छुट्टै राखी सोको लेखा परीक्षण समेत गराउनु पर्नेछ।

(२) कोषको आन्तरिक लेखापरीक्षणको व्यवस्था कोष सञ्चालन गर्ने स्थानीय तहले गर्नु पर्नेछ र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

१२. <u>विनियोजित रकम खर्च गर्न सकिने:</u> एकिकृत विपद् व्यवस्थापन केन्द्र साझेदारी कार्यक्रमको लागी विनियोजित भएको रकम यसै कार्यविधि बमोजिम मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापनाको लागी खर्च गरीनेछ।

१३. <u>जनशक्ति सम्बन्धी व्यवस्था:</u> सेवा केन्द्र सञ्चालनका लागी आवश्यक जनशक्ति प्रदेश प्रहरी कार्यालय र सम्बन्धित स्थानीयतहहरुले समन्वय गरी व्यवस्थापन गर्नु पर्नेछ। यस सम्बन्धमा दफा ७ बमोजिमको समितिले बैठक बसी निर्णय गर्नेछ।

१४. <u>बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्था:</u> यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आईपरेमा यस कार्यविधिको विपरित नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१५. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा लेखिएको विषयहरुमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. <u>खारेजी तथा बचाउ:</u> मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ खारेज गरीएको छ। प्रचलित कानूनको दायरा भित्र रही सो कार्यविधि बमोजिम भएका कामकारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

प्रदेश सचिव